लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भलादुमी डाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं. ०८२/०८३
च.नं.

## सूचना। सूचना।। सूचना।।।

मितिः २०८३/०१/२९

जिल्ला प्रशासन कार्यालय, विदुर नुवाकोटको प.सं. २०८२/२०८३, च.नं. ४००५ मिति २०८३/०१/२१ को पत्र तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को एकसय बुँदे कार्ययोजनाको बुँदा नं. ९२ मा उल्लेख भए अनुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने सम्बन्धमा पत्राचार भएको र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, गाउँपालिकाको आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, आफ्नो वा सरकारको स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बँगैचा, बसपार्क वा अन्य संरचना राष्ट्रिय वन बाहेक आफ्नो अधिकारक्षेत्र भित्रको अन्य वन प्रचलित कानुन बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले तोकेको प्राकृतिक सम्पदा तथा क्षेत्रको जग्गा स्थानिय सरकारले संरक्षण गर्नु पर्ने कानुनी व्यवस्था भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र उल्लेखित अचल सम्पत्ति (जग्गा) चर्चेको वा अतिक्रमण गरेको भए खाली गर्न सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको छ। साथै, वास्तविक सुकुम्बासी भए सम्बन्धित वडा कार्यालयमा प्रमाण सहित निवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

..............................
अशोक बिष्ट
प्रमुख प्रशासकीय अधिकृत